स्वच्छ र स्वतन्त्र पत्रकारिताको प्रतिक

# नव जनचेतना

NAWA JANACHETANA NATIONAL DAILY राष्ट्रिय दैनिक



यसपालिको दशैंको फूलपातीपछि तिहारमा पनि नेपाली फिल्मबीच त्रिपक्षीय भिडन्त हुने भएको छ। तिहारको मुख्य दिन भाइटीका (६ कातिक)लाई दुई फिल्म 'सोल्टिनी' र 'वरिष्ठ बलराम'ले प्रदर्शन मिति घोषणा गरिसकेको अवस्थामा अब कातिक ७ गते (भाइटीकाको भोलिपल्ट) कलाकार विल्सन विक्रम राईको निर्देशनमा बनेको छ। पोस्टरमा फिल्मका तीन मुख्य कलाकार धीरज मगर, मिरुना मगर र दीया पुन देखिएका छन्।

**आजको विचार...**



शिक्षामा...

*(दुई पेजमा)*

डा.चण्डिका भट्ट

गत असार र साउनमा तुलनात्मक रूपमा कम देखिएको फिल्म रिलिजको चाप भदौ महिना सुरु भएसँगै ह्वात्तै बढेको छ। अघिल्लो दुई हप्तामा मात्र चारवटा फिल्म प्रदर्शन भइसकेका छन्। यस्तैमा शुक्रबारबाट हलमा नयाँ फिल्म 'रिमै' थपिएको छ। योसँगै बलिउडको 'बागी ४' र हलिउडको 'द कन्जुरिङ : लास्ट राइट्स' जस्ता ठूला फिल्म पनि प्रदर्शनमा आएका छन्। शुक्रबार अर्को नेपाली फिल्म 'चिठ्ठी' पनि प्रदर्शनको तयारीमा थियो।



❒ वर्ष ३१ ❒ अंक ५१ ❒ २०८२ भदौ २१ गते शनिबार 6 September 2025, Saturday ❒ पृष्ठ संख्या ४ मूल्य रू ५/-

# तानसेनमा ब्लड बैंक सञ्चालन

## रगत अभावमा मानिसको मृत्यु हुनबाट जोगिने

**कृष्ण पोखरेल**

**पाल्पा,** भदौ २०/जिल्लाको तानसेनमा ब्लड बैंक सञ्चालनमा ल्याइएको छ । 'हाम्रो ब्लड बैंक, हामी बनाउँछौं' भन्ने अभियान सञ्चालन गरेको नेपाल रेडक्रस सोसाइटी पाल्पा शाखाले विहीबारदेखि ब्लड बैंक सञ्चालनमा ल्याएको हो ।

चार ठूला अस्पतालसहित एउटा डायलाइसिस सेन्टरका लागि रगत अभाव परिपूर्ति गर्ने उद्देश्यले तानसेनमा ब्लड बैंक सञ्चालनमा ल्याइएको शाखाका सभापति बाबुराम कार्कीले बताए । उनले भने"अबका दिनमा पाल्पामा रक्त अभावको समस्यालाई समाधान गर्न रक्त बैंक महत्वपूर्ण हुने छ । विगतमा आकस्मिक अवस्थामा रगत अभावका कारण बिरामी र परिवारजनलाई कठिनाइ व्यहोर्नु परेको थियो अबका दिनमा रगत नपाएर मानिसको मृत्यु हुनबाट रोक्न यो कार्यक्रमले सहयोग गर्ने हामीले विश्वास लिएका छौं ।" मानिसको जीवन बचाउन सबैलाई रक्तदान कार्यक्रममा सहभागी हुन अध्यक्ष कार्कीले अनुरोध समेत गरे । रेडक्रसले रेडक्रसकर्मी, पत्रकार, नागरिक समाज, सर्वसाधारणको




सहभागितामा ६३ औं रेडक्रस दिवसको अवसरमा पाल्पामा पहिलो पटक ब्लड बैंक सञ्चालनमा ल्याएको हो । विगत ३ बर्षको लामो मिहिनेत पछि रेडक्रसले ब्लड बैक सञ्चालनमा ल्याउन सफल भएको छ । सञ्चालनमा ल्याइएको ब्लड बेंकले आम पाल्पाबासीमा खुसी छाएको छ । पाल्पामा लुम्बिनी मेडिकल कलेज, मिसन अस्पताल, पाल्पा अस्पताल, रामपुर अस्पताल र पाल्पा डाइलासिस सेन्टर गरी ५ वटा अस्पताहरु सञ्चालनमा रहेका छन् । पाल्पामा रगत अभाव भएकोले बुटवल लगायतका क्षेत्रबाट नियमित रुपमा रगत ल्याउनु पर्ने बाध्यता विरामीहरुलाई हुँदै आएको थियो । ब्लड बैक सञ्चालनको लागि रेडक्रस पाल्पाका उपाध्यक्ष भिमसेन कार्की र पत्रकार महासंघ पाल्पाका अध्यक्ष कमलराज तिमिल्सीनाले रक्तदान गरी कार्यक्रमको शुरुवात गरेका थिए । कार्यक्रममै पहिलो दिन २६ युनिट रगत संकलन भएको छ । पाल्पामा हरेक महिना ३ सय देखी ३ सय ५० प्वाइन्ट र बार्षिक रुपमा ४ हजार ५ सय प्वाइन्ट रगतको आवश्यकता पर्ने गरेको छ । दुर्घटना, प्रसूति, शल्यक्रिया तथा दीर्घकालीन रोगका बिरामीहरूको लागि समयमै रगत उपलब्ध गराउन कठिनाइ भइरहेकाले विरामीहरुलाई रगतको अभाव हुन नदिन, आधुनिक रक्त बैंक स्थापना गरि सञ्चालनमा ल्याएको रेडक्रस पाल्पाका उपसभापति भिमसेन कार्कीले बताए । रक्त बैक सञ्चालन भएपछी अझ आईपर्ने चुनौती र कठिनाईलाई समाधान गर्न रेडक्रसले आगामी दिनमा नियमित रक्तदान कार्यक्रम सञ्चालन गर्ने र जिल्लाभर जनचेतनामूलक अभियानलाई निरन्तरता दिने, पालिकास्तरमा पुगेर रक्तदाताको रोष्टर तयार पार्ने शाखाका मन्त्री केशवराज नेपालले बताए । पाल्पामा दैनिक रुपमा आवश्यक पर्ने रगतको अभाव परिपुर्ती गर्नको लागि अस्थायी रुपमा शाखा कार्यलयमै ब्लड बैक सञ्चालन गरिएको र स्थायी रुपमा तानसेन नगरपालिका -१ भुसालडाँडामा भवन निर्माण भईरहेको कार्यालय प्रमुख विनोद भारतीले बताए । ब्लड बैक भवन निर्माणको लागि शहरी विकास मन्त्रालयबाट गत बर्ष १ करोड ५० लाख र चालु आर्थिक बर्षमा ३ करोड रुपैयाँ विनियोजन भएको थियो । नियमित रुपमा ब्लड बैक सञ्चालन तथा चालु खर्च व्यबस्थापनको लागि रेडक्रसले विभिन्न व्यक्ति संघ सस्थाहरुबाट ६८ लाख संकलन गरेको र रकम संकलन अभियान जारी रहेको शाखा कोषाध्यक्ष सन्तोष खनालले बताए ।

*-बाँकी अन्तिम पेजमा...*

**संक्षिप्त समाचार**

## कङ्गोमा इबोलाको प्रकोप १५ को मृत्यु

**(रासस/एएफपी)**

**किन्शासा,** भदौ २०/प्रजातान्त्रिक गणतन्त्र कङ्गोका स्वास्थ्य अधिकारीहरूले इबोला भाइरसको नयाँ प्रकोपको घोषणा गरेका छन् । इबोलाले अगस्टको अन्त्यदेखि अहिलेसम्म १५ जनाको ज्यान लिइसकेको कङ्गोका स्वास्थ्य मन्त्रीले बिहीबार बताए । राजधानी किन्शासामा पत्रकारहरुसँग कुरा गर्दै स्यामुअल रोजर काम्बाले मध्य कसाई प्रान्तमा नयाँ प्रकोप देखिएको बताए । मध्य अफ्रिकी देशमा इबोलाको अन्तिम प्रकोप तीन वर्षअघि फैलिएको थियो जसमा छ जनाको मृत्यु भएको थियो । अपुस्ट तथ्याङ्कअनुसार किन्शासामा इबोला सङ्क्रमित २८ जना बिरामी भेटिएका छन्, जसमध्ये पहिलो सङ्क्रमण अगस्ट २० मा अस्पतालमा भर्ना भएकी ३४ वर्षीया गर्भवती महिलामा देखिएको थियो । काम्बाले भने, "यो हाम्रो देशमा रेकर्ड गरिएको १६ औं प्रकोप हो।" पहिलो पटक सन् १९७६ मा पहिचान भएको र चमेरोबाट आएको ठानिएको इबोला एक घातक भाइरल रोग हो जुन शारीरिक तरल पदार्थको प्रत्यक्ष सम्पर्कबाट फैलिन्छ, जसले गर्दा अत्यधिक रक्तस्राव हुन्छ र अङ्गहरू बिग्रन्छन् । सन् २०१८ देखि २०२० को बीचमा १० करोडभन्दा बढी जनसङ्ख्या रहेको कङ्गोमा सबैभन्दा घातक प्रकोपका कारण करिब दुई हजार ३०० जनाको मृत्यु भएको थियो ।

## सहकारीको रकम हिनामिना गर्ने ३ जना पक्राउ



**नेपालगन्ज,** भदौ २०/नेपालगन्जको सहकारी वित्तीय विकास संस्थामा रकम हिनामिना गरेको अभियोगमा तीन जना पक्राउ परेका छन् । ३७ करोड बढी रकम हिनामिना गरेको आरोपमा सहकारीका अध्यक्ष हरदेवबक्स चौधरी, सिद्धिकुमार महर्जन र सुरत खटिकलाई पक्राउ गरिएको हो ।

उनी यसअघि एक वर्ष कैद बसेर २५ लाख धरौटीमा छुटेका थिए । जिल्ला अदालतको फैसलालाई उच्च अदालत तुलसीपुर, नेपालगन्ज इजलासले सदर गरेसँगै चौधरी, महर्जन र खटिक पक्राउ परेका हुन् । अदालतले सहकारी घोटालामा १९ जनालाई कसुरदार ठहर गरेको छ । त्यसमध्ये सात जनाले कैद र जरिवाना तिरेका छन् । अरु फरार रहेका छन् ।

कैद र जरिवाना काटेकासँग पनि बिगो भराउन बाँकी रहेको छ । अदालतले कसुरदारलाई कैद, जरिवाना र बिगोको सजाय सुनाएको छ । २०७६ असोज २८ गते जिल्ला अदालतमा सहकारी ऐन, ठगी र संगठित अपराधमा मुद्दा परेको थियो । २०८० पुस २६ गते जिल्ला न्यायाधीश इन्द्रबहादुर कठायतको इजलासले ४१ जनामध्ये १९ जनालाई कसुरदार ठहर गरेको थियो ।

## गुल्मीमा अब सातामा एकपटक मात्र हवाई उडान हुने

**गुल्मी,** भदौ २०/नेपाल वायु सेवा निगमले गुल्मीमा हवाई उडान तालिका परिवर्तन गरेको छ । निगमले यसअघि आइतबार, मंगललबार, बिहीबार र शनिबार गरी सातामा चारपटक उडान गर्दै आएकामा अब केही समयका लागि सातामा एकपटक मात्र उडान हुने जनाएको छ ।

रेसुङ्गा विमानस्थलका स्टेशन प्रमुख सुमन थापाले विगतमा चारपटक उडान हुँदै आएकामा अब केही समयका लागि बिहीबार एकदिन मात्र उडान गरिने जानकारी दिए । निगमका दुई वटा ट्वीनअटर जहाज 'ग्राउण्डेड' भएको र हाल एउटा जहाज मात्र सञ्चालनमा रहेकाले नियमित तालिकामा परिवर्तन गर्नुपरेको उनले बताए । प्रतिकूल मौसमका कारण यहाँ करिब डेढ महिनासम्म उडान नियमित हुन सकेको थिएन । खराब मौसम र बाक्लो हुस्सुका कारण जिल्लामा पटक-



पटक उडान प्रभावित हुने गरेको छ । निगमले १८ सिट क्षमताको ट्वीनअटर जहाजबाट काठमाडौँदेखि यहाँ बिहान ६:३० बजे र यहाँबाट काठमाडौँ बिहान ७:३० बजे उडानको तालिका निर्धारण गरेको छ । यस्तै, काठमाडौँबाट गुल्मीका लागि सात हजार ५ सय र गुल्मीदेखि काठमाडौँका लागि सात हजार ३ सय भाडादर निर्धारण गरेको छ । निगमले विसं २०८० वैशाख २९ गतेदेखि यहाँ व्यावसायिक रूपमा उडान सुरु गरेको थियो । *-रासस*

पा.जि.हु.द.नं. ०५१/०५२ पा.जि.प्र.का.द.नं. १९/०५१/०५२

जनचेतना

# सम्पादकीय

## नेता सच्चिनुको विकल्प छैन

राजनीतिक दलका नेताहरुप्रति नागरिकहरु असन्तुष्ट बन्दै गएका छन् । पछिल्लो समय राजनीतिक दलहरुका गतिविधिहरुबाट नागरिक आजित भएका छन् । शासन प्रणालीमा व्याप्त भ्रष्टाचार र अनियमितता नरोकिँदासम्म मुलुकको विकास र समृद्धि सम्भव छैन भने आम जनतामा पनि खुशी र उमंग छाउन सक्दैन । यसो त शासन प्रणाली सञ्चालन गर्ने नेताले आफूहरुको मुख्य उद्देश्य नै जनताको घरदैलोमा सेवा प्रवाह कायम गरी मुलुकको विकास र समृद्धि हासिल गर्नुमा नै केन्द्रित रहने गरेको बताउने गरेका छन् । तर सोहीअनुसार सरकारी सेवालाई समानरूपमा जनताको घरदैलोमा पुऱ्याउन उनीहरू अक्षम साबित हुँदै आए । यसका कारण राणा शासन, पञ्चायत शासन र राजाको प्रत्यक्ष शासनसमेत पतन हुन पुगेको यथार्थ हामीसामु छ । बहुदलीय लोकतान्त्रिक शासन व्यवस्थाका कतिपय शासकसमेत भ्रष्टाचारमा चुर्लम्म डुब्न पुग्दा लोकतान्त्रिक शासन प्रणालीमा पनि गम्भीर समस्या देखिँदै आएको छ । शासकको गैरजिम्मेवारीपनका कारण जनताले असल शासनको अनुभूति गर्न कहिल्यै पाएनन् । त्यसैले पनि आमनागरिकमा दलहरुप्रति वितृष्ण पैदा हुँदै गएको छ । यो अत्यन्त दु:खको कुरा हो ।

राजनीतिक दलहरुको क्रियाकलापले आमनागरिकमा निराशा छाएको छ । जसको मौका राजावादीहरुले लिएका छन् । दलहरु भने एक–अर्कालाई आरोप लगाएर लोकतान्त्रिक व्यवस्थालाई नै कुरुप बनाउने खेलमा सक्रिय छन् । दल–दलबीचको लडाइको फाइदा अहिले दलीय व्यवस्था विरोधी तत्वले लिइरहेका छन् । यस्तो हुँदा समेत दलका नेताहरुमा चेत आउन नसक्नु विडम्बना हो । व्यवस्थामाथि प्रहार भइरहँदा सरकार र दलहरु चुक्क समेत बोल्न नसक्नुले प्रश्न चिन्ह खडा गरेको छ । जे भए पनि संसदीय व्यवस्थाको विकल्प राजसंस्था हुन सक्दैन । त्यसैले अहिलेको यो व्यवस्थालाई चलाउनेहरुमा देखिएको बेथिति र विसंगतिलाई कसरी हटाउन सकिन्छ भन्नेतर्फ लाग्नु उचित हुन्छ। यद्यपि दलहरुले एक अर्काको अस्तित्वमाथि प्रश्न उठाउनुभन्दा आफ्ना विगतका गल्ती सच्याएर अगाडि बढ्नुको विकल्प छैन् ।

### Opinion @ Social Network

परिस्थिति जस्तो सुकै होस् खुशी रहने प्रतिबद्धता गर्नु पर्दछ, किनकी सुख र दुःख हाम्रै सोचाइमा निर्भर गर्दछ ।


*(तुल्सा बस्यालको फेसबुक स्टाटसबाट www.facebook.com/Tulsa.Bashyal)*

यो स्तम्भमा सामाजिक संजालमा पोष्ट गरिएका धारणाहरु राख्नेछौं । यसका लागि हाम्रो फेसबुक पेज www.facebook.com/shittalpati मा लगअन गर्न सक्नुहुनेछ ।

**नवजनचेतना दैनिक**को रुपमा तपाईसामु आईरहेको छ । यो पत्रिका अझ स्तरीय अनि पठनीय बनाउनको लागि तपाईहरुको अमूल्य सुझावहरुको हामीलाई अत्यन्तै जरुरी छ । पाठकवृन्द तपाईका सुझावहरु दिई हामीलाई सहयोग गर्नुहुन हामी अनुरोध गर्दछौं ।

**नवजनचेतना दैनिक**
भगवतीटोल तानसेन, पाल्पा

# शिक्षामा निरन्तर संकट : तथ्य, चुनौती र आत्म मन्थनको आवश्यकता



**डा.चण्डिका भट्ट**

> *स्वास्थ्यशिक्षा अनिवार्य गर्नु केवल परीक्षा विषय बढाउनु होइन, जीवन बचाउने सीप दिनु हो । डिजिटल दक्षता, वातावरणीय चेतना, नैतिक र नागरिक शिक्षा अनिवार्य हुनुपर्छ । केवल अंक ल्याउने मेसिन होइन, जीवनका लागि तयार गर्ने अभ्यास बनाउनु आवश्यक छ । शिक्षा असमानता केवल शैक्षिक होइन, सामाजिक असमानता र दीर्घकालीन विभाजनको बिउ हो । आन्दोलन केवल आवाज उठाउँछ, तर दीर्घकालीन नोक्सान पुऱ्याउँछ ।*

**प्रस्तावना : समाचारभन्दा गहिरो घाउ** भद्रगोल जस्तो देखिने तर 'व्यवस्थित' भनिने नेपालको शिक्षा प्रणालीमा हरेक दिन नयाँ समाचार आउँछ । भदौ ८, २०८२ को बिहान अनलाइन खबर हेर्दै गर्दा मैले २०८१ पुसदेखि २०८२ वैशाखसम्म मात्र शिक्षा-सम्बन्धी दशवटा ठूला शीर्षक भेटेँ । एकदिन एउटा खबर पेजमा मात्र । त्यस्तै एक वर्षभरिको खोज्दै जाँदा कति छन् होला, सहजै अनुमान लगाउन सकिन्छ । विगत एक वर्षका यी दशवटा शीर्षक नियाल्दा, एउटा 'शिक्षा डायरी' तयार हुन्छ–शिक्षक आन्दोलनदेखि परीक्षानतिजा, बजेट, विद्यार्थी विदेश पलायन, विद्यालय बिहीन गाउँसम्म । त्यसैले, यो स्तम्भमा यिनै शीर्षकको सेरोफेरोमा रहेर मन्थन गरिएको छ । अन्य यहाँ नसमेटिएका कति विषय भविष्यमा समयानुकूल आउनेछन् । यी शीर्षक केवल समाचार होइनन्, समाजको पीडा हुन् । तिनीहरूले हामी सबैमा प्रश्न उठाउँछन्, समाधान खोज्ने जिम्मेवारी कसको हो ?

**आन्दोलन र वार्ताको असफल चक्र : शिक्षालय सडकमा** नेपालमा शिक्षक आन्दोलन कुनै नयाँ घटना होइन । म आफैं यस यात्राको साक्षीमात्र होइन, सहभागी पनि भएको थिएँ र छु । माग जायज थियो-तलब, सुविधा, स्थायित्व र सम्मान तर सडकमा निस्किँदा मेरो मनभित्र निरन्तर प्रश्न गुञ्जिन्थ्यो, 'म यहाँ छु, तर विद्यार्थी कहाँ छन् ?' सडक हाम्रो शिक्षा प्रणालीको पहिलो दरबान बनेको छ, जबकि विद्यालय नै असली सुनुवाइको थलो हुनुपर्ने हो । आन्दोलन राजनीतिक झण्डासँग मिसिन पुग्छ, विद्यार्थी असमञ्जसमा पर्छन्, कक्षाकोठा सुनसान हुन्छ । यसरी विद्यार्थीको भविष्यमा सहप्रभाव हुन्छ । सुधार केवल आदेश वा नाराबाट सम्भव छैन । समस्या विद्यालयमै सुन्ने, समाधान मन्त्रालयमै गर्ने र सडकलाई अन्तिम विकल्पमात्रै राख्ने संरचना आवश्यक छ भन्ने मेरो व्यक्तिगत ठम्याइ हो ।

**आन्दोलनको अन्तर्राष्ट्रिय दृष्टान्त :** विश्वभर असन्तुष्टि प्रकट गर्ने तरिका फरक-फरक छन् । स्क्याण्डिनेभियामा शिक्षकहरूले कक्षा छोड्ने होइन, 'साइलेन्ट प्रोटेष्ट' गर्छन्–कक्षामा नै शिक्षण सामग्री बाँडेर तर शान्त सन्देश पठाउने । दक्षिण कोरियामा श्रमिकहरूले हड्ताल गर्दा 'मिडनाइट डेमो' गर्छन्-दैनिक काम अवरुद्ध नगरी, मध्यरातमा प्रदर्शन । यी अभ्यासहरूले देखाउँछन्–आवाज उठाउन सडक बन्द गर्नैपर्छ भन्ने छैन । हामीकहाँ किन अझै पनि असन्तुष्टि व्यक्त गर्न सडक नै एकमात्र विकल्प देखिन्छ ?

**नतिजा : ३८.८३ प्रतिशत ननग्रेड- विद्यार्थीको होइन, प्रणालीको असफलता :** २०८२ सालको साउनमा कक्षा १२ को नतिजा सार्वजनिक हुँदा करिब ४० प्रतिहत विद्यार्थी ननग्रेड भए । यो केवल अंकको हार होइन, जीवनभरि पछ्याइरहने दाग हो । केही समयअघि त्रिभुवन विश्वविद्यालय सेवाआयोगले सार्वजनिक गरेको उपप्राध्यापक नियुक्तिको लिखित परीक्षाको नतिजामात्र नभई अन्य परीक्षाका नतिजाहरूले नेपाली शिक्षा क्षेत्रको खस्कँदो अवस्था उजागर गरेको छ । विद्यार्थी त पढ्न चाहन्छन् तर पुरानो रटन्ते पाठ्यक्रम, जीवनसँग नजोडिएका परीक्षा प्रणाली, शिक्षक अभाव र राजनीतिग्रसित विद्यालयले उनीहरूलाई असफल बनाउँछ । जब ४० प्रतिशत युवाले सर्टिफिकेट पाउँदैनन्, त्यो केवल व्यक्तिगत पीडा होइन-राष्ट्रकै आत्मविश्वास, उत्पादनशीलता र सम्भावनामा ठूलो खाडल हो ।

**लगानीको खोक्रोपन : सपना २० प्रतिशत, वास्तविकता १२ प्रतिशत** नेपालमा हरेक वर्ष नारा दोहोरिन्छ, 'शिक्षामा कम्तीमा २० प्रतिशत बजेट' तर वास्तविकता १२ प्रतिहत वरिपरि सीमित छ । पुल, सडक, पार्क र भवनमा सजिलै खर्च तर विद्यालय सुधार र शिक्षक-स्रोतमा न्यून । शिक्षाखर्च होइन, लगानी हो । आज खर्च देखिन्छ, भोलि रोजगारी, स्वास्थ्य, नागरिक चेतना र अपराध नियन्त्रणमा फर्कन्छ । जबसम्म नेतृत्वले यो दृष्टि नबुझ्छ, २० प्रतिशत शिक्षा बजेट केवल नारामै सीमित रहन्छ ।

**सतही निर्देशन र असफल प्रयोग : नीति होइन, व्यंग्य** मन्त्रालय या स्थानीय पालिकाहरूले समेत भन्छन् : 'बिदामा पनि पढाउनुस्' अर्को दिन, 'छोराछोरी सामुदायिक विद्यालयमा पठाउनुस् ।" शिक्षक थाकेका, विद्यार्थी मानसिक रूपमा थाकेका, विद्यालय साधनरहित । आदेशले समस्या समाधान गर्दैन, केवल निराशा पैदा गर्छ । वास्तविक सुधार भनेको गुणस्तर, लगानी र दीर्घकालीन दृष्टि हो । अभिभावक, शिक्षक र विद्यार्थीलाई व्यंग्य गर्नु होइन, उनीहरूलाई सक्षम बनाउनु हो ।

**शिक्षात्मक सुधार र भविष्यको आशा :** यदि शिक्षक, विद्यार्थी र अभिभावक सक्रिय छन् भने असम्भवलाई सम्भव बनाउन सकिन्छ । यसका तीन प्राथमिक उपाय रहेका छन् : १, शिक्षकलाई जिम्मेवारीमात्र होइन, पर्याप्त स्रोत, क्षमता विकाससम्बन्धी तालिम र मानसिक समर्थन एवं मनोवैज्ञानिक ऊर्जा । २, पाठ्यक्रम जीवनसँग सम्बन्धित, परीक्षामात्र नभई व्यावहारिक ज्ञान प्रदायक । ३, अभिभावक र समुदायलाई सक्रिय सहभागी बनाउनु, निर्देशन मात्र होइन । नेपालमै केही सार्वजनिक विद्यालयहरूले शिक्षक र विद्यार्थी संलग्न हुँदा गुणस्तरीय शिक्षा सम्भव छ भनी विगतमा देखाएका थिए र देखाएका छन् । यसरी दीर्घकालीन योजना, लगानी र सरोकारवालाको सहभागिताले शिक्षा प्रणाली सुधार्न सक्छ ।

**स्वास्थ्य, सीप र जीवनका पाठ :** किशोर- किशोरीहरू मानसिक स्वास्थ्य, नशा, पोषण अभाव र वातावरणीय चेतना जस्ता चुनौतीसँग जुधिरहेका छन् तर विद्यालय अझै 'रट्ने पाठ्यक्रम' मै फसेको छ । स्वास्थ्यशिक्षा अनिवार्य गर्नु केवल परीक्षा विषय बढाउनु होइन, जीवन बचाउने सीप दिनु हो । डिजिटल दक्षता, वातावरणीय चेतना, नैतिक र नागरिक शिक्षा अनिवार्य हुनुपर्छ । केवल अंक ल्याउने मेसिन होइन, जीवनका लागि तयार गर्ने अभ्यास बनाउनु आवश्यक छ । पलायन र असमानताको चरमतासँगै नेपालमा शिक्षा दुई‌ वीय छ : सम्पन्न वर्ग : भारत वा विदेशमा महँगो शुल्क तिरेर उच्च शिक्षा र वञ्चित वर्ग : दूरदराजका (इलाम जस्ता सीमावर्ती) गाउँमा विद्यालय र शिक्षक अभाव त कतै विद्यार्थी अभाव । अवसरको अति एक समूहमा, निराशा अर्कोमा । शिक्षा असमानता केवल शैक्षिक होइन, सामाजिक असमानता र दीर्घकालीन विभाजनको बिउ हो । सुधारको आशा र राजनीतिक नारा सुधार असम्भव होइन तर शर्त एउटै, राजनीति बाहिर राखेर दीर्घकालीन दृष्टि अपनाउने । शिक्षक-विद्यार्थी आवाजको उपेक्षा न गर्नु । प्रशासन र नेतृत्वले पर्याप्त लगानी र नीति सुनिश्चित गर्नु । पाठ्यक्रम जीवनसँग मेल खाने, शिक्षक योग्य, विद्यालय साधनयुक्त हुनु । सुधार केवल नारा वा आदेशबाट होइन, सबै सरोकारवालाको सहकार्यबाट सम्भव छ ।

**जिम्मेवार को हो ?**

जिम्मेवारी साझा हो, सरकार, शिक्षक, अभिभावक र विद्यार्थी सबै दोषी र उत्तरदायी । सरकार नीति बनाउँछ, तर दीर्घकालीन दृष्टि हराउँछ । शिक्षक संघसंगठनमा रमाउँछन्, विद्यार्थीको भविष्य द्वितीय । अभिभावक पैसा र प्रमाणपत्रको पछि दौडन्छन् । विद्यार्थी अंक र सर्टिफिकेटलाई प्राथमिकता दिन्छन् । सत्य यही हो, शिक्षा सुधार सबैको साझाप्रयास बिना सम्भव छैन । शिक्षा खेल होइन, भविष्यको सवाल हो । सरकारले शिक्षा बजेटलाई भविष्यको बीमा ठान्नुपर्छ । शिक्षकले कक्षाकोठालाई प्राथमिकता दिनुपर्छ । अभिभावकले गुणस्तर माग्नुपर्छ । विद्यार्थीले जीवन उपयोगी सीप सिक्नुपर्छ । आन्दोलन केवल आवाज उठाउँछ, तर दीर्घकालीन नोक्सान पुऱ्याउँछ । सुधारका लागि दीर्घकालीन दृष्टि, पर्याप्त लगानी, राजनीति कम, शिक्षक-विद्यार्थी सशक्त हुनु आवश्यक छ ।

**शिक्षा र समाजको भविष्य**

४० प्रतिशत असफल विद्यार्थी '४० प्रतिशत बेरोजगार भविष्य । विद्यालयविहीन गाउँ'निराशा उत्पादन गर्ने कारखाना । विदेश पलायन राष्ट्रको क्षमता चुहावट । यदि आत्ममन्थन र सक्रिय सुधार भएन भने, शिक्षाको संकट राष्ट्रकै अस्तित्व संकटमा परिणत हुन सक्छ ।

**अब पनि समय छ जिम्मेवार बन्ने**

शिक्षा केवल 'खबर' वा 'नतिजा' होइन । यो हाम्रो समाजको भविष्य हो । सरकारले बुझ्नुपर्छ : शिक्षा खर्च होइन, भविष्यको बीमा ठान्नुपर्छ । शिक्षकले आन्दोलन होइन, शिक्षणलाई प्राथमिकता दिनुपर्छ । अभिभावकले गुणस्तरलाई प्राथमिकता दिनुपर्छ । विद्यार्थीले जीवनोपयोगी सीप सिक्नुपर्छ । अब शिक्षा केवल खेल होइन, अस्तित्वको सवाल हो । शिक्षा संकटलाई अवसरमा बदल्ने समय यही हो । राजनीतिक दल र सरकार नै जिम्मेवारीको अग्रस्थानमा हुनुपर्छ । समग्रमा, शिक्षा केवल सरकारी घोषणामा होइन, शिक्षकको समर्पण, अभिभावकको सचेतता, विद्यार्थीको सक्रियता र नीतिनिर्माताको दीर्घदृष्टिमार्फत मात्र विकासशील, समावेशी र समान अवसरयुक्त बन्नसक्छ ।

**नोट :** यो स्तम्भ मेरो व्यक्तिगत यात्रा, अनुभव र अनुभूतिमा आधारित छ- गाउँमा विद्यालय नहुँदा सुरु गरिएको शिक्षा अभियानदेखि बेलायतको विश्वविद्यालयमा अध्यापनसम्मका सिकाइ र भोगाइहरू हुन् । उद्देश्य उपदेश दिनु होइन, वास्तविकता देखाउनु, अनुभवबाट पाठ साझा गर्नु हो । मैले भोगेका चुनौती, सिकेका पाठ र प्रायश्चितलाई आधार बनाएर मेरो दृष्टिकोण प्रस्तुत गरेको छु । बहस खुला छ, तर अब ढिला हुने समय छैन-शिक्षामा जिम्मेवारी लिन र सुधारका लागि सक्रिय हुन यही समय हो ।

***-इहिमालय टाइम्स डटकम***

### महत्वपूर्ण टेलिफोन

**प्रहरी कार्यालय**
बुटवल ०७१-५४०२२२
स.प्र.क्याम्प बुटवल ९७४७०४३४६९
बुटवल रामनगर ०७१-५४१२३३
भैरहवा ०७१-५२०१९९
अर्घाखाँची ०७७-५२११९९
गुल्मी ०७९-५२०१९९
परासी ०७८-५२०१९९
तौलिहवा ०७६-५६००९९
पाल्पा ०७५-५२०५३६, ५२०१९९
इप्रका रामपुर ०७५-६९१५१५

**अस्पताल कार्यालय**
लुम्बिनीसिटी अस्पताल ०७१-५५१५५७, ५५१५५८
लुम्बिनी अञ्चल अस्पताल ०७१-५४०२००, ५४०२०१
भिमअस्पताल भैरहवा ०७१-५२०१९३
मिसनअस्पताल पाल्पा ०७५-५२०१११, ५२०४८९
परिवार नियोजन संघ पाल्पा ०७५-५२०७२३
पाल्पा जिल्ला अस्पताल ०७५-५२०१५४
लुम्बिनी मेडिकल कलेज प्रभास ०७५-४११२०१
पिचन्द्र परासी ०७८-५२०१८८
भैरहवा आँखा अस्पताल ०७१-५२०२६५
अर्घाखाँची जिल्ला अस्पताल ०७७-५२०२५७
तम्घास जिल्ला अस्पताल ०७९-५२०१८८
तौलिहवा जिल्ला अस्पताल ०७६-५६०२००
सिद्धार्थबाल महिला अस्पताल ०७१-५४४४५०
बुटवल हस्पितल ०७१-५४६४३२
लुम्बिनी नर्सिङ होम ०७१-५४२६४१, ५४५६४१
रेडक्रस बुटवल ५४१००४
लायन्स आँखा उ. केन्द्र बुटवल ५४५८४५
मेडिटेक अस्पताल ५४९०७२
कान्तिपूर डेण्टल हस्पिटल ०७१-५४७८४०
आँखा अस्पताल पाल्पा:०७५-५२०३३३, ५२११७९
रामपुर अस्पताल: ०७५-४००१५४

**एम्बुलेन्स न.**
रोटरी क्लब बुटवल ०७१-५४४६००
लियो क्लब अफ बुटवल ०७१-५४५८९३
रेडक्रस भैरहवा०७१-५२०२६३
रेयुकाई भैरहवा ०७१-५२६६७३,९८४७०२२४६४
परासी ०७८-५२०१२५
रेडक्रस पाल्पा ०७५-५२०६००
रेडक्रस तौलिहवा ०७६-५६००१५
रेडक्रस अर्घाखाँची ०७७-४२०२७५, ४२०११७
रेडक्रस गुल्मी ०७९-५२०१६३
नेपाल परिवार नियोजन संघ ०७१-५४००८१
लुम्बिनी नसिङ होम प्रा.लि. ०७१-५४१६४१
नेपाल भारतमैत्री समाज मो. ९८४७०२५०९९
जनसेवा क्लब नयाँमिल ९९५७०२१२४६
लुम्बिनी नि.व्या.संघ भैरहवा ६२१०५८
बनगाई क्लब बनगाई ०७६-६९०१०२
रेडक्रस देवदह ०७१-५७७०९९
लुम्बिनी मेडिकल कलेज ०७५-५२०८४०
बुटवल जेसिस ९८४७१२९९६४
न्यू एकता क्लव तानसेन : ०७५-५२२२००
परिवार नियोजन संघ पाल्पा : ९८४७१०२७६५
रामपुर टे.इन्स्टी.:९८५७०६२२४७,९८५७०६०५०४

### दैनिक राशिफल

| | |
|---|---|
| **मेष** : जिद्दीपनाले गर्दा काम बिग्रने डर छ । व्यवसायमा नोक्सानी बेहोर्नु पर्नेछ । | **तुला** : शैक्षिक क्षेत्रमा समस्या आउला, तर वैदेशिक कार्य अघि बढ्नेछ । |
| **वृष** : यात्रा गर्ने अवसर मिल्नेछ । अध्यात्मको भावना जाग्न सक्छ । | **वृश्चिक** : जटिल ठानिएको कामहरु पूरा हुन सक्छ । यात्राबाट सफलता मिल्नेछ । |
| **मिथुन** : धार्मिक कार्य र सभासमारोहमा सरिक हुने सम्भावना छ । | **धनु** : रमाइलो यात्राको सम्भावना छ र त्यसबाट दीर्घकालिक फाइदा पुग्नेछ । |
| **कर्कट** : रोकिएका अधुरा कामहरू पुरा हुनसक्छ । स्वास्थ्य सबल नै रहनेछ । | **मकर** : आफन्तसँग मनमुटाव बढ्ला । कमजोर भएको अनुभूति हुनेछ । |
| **सिंह** : विवेकले काम नगर्न सक्छ र खानपिनमा सचेत रहनु नै उचित हुनेछ । | **कुम्भ** : हिर्ष र प्रसन्नताका बीचमा समय व्यतीत हुनेछ । |
| **कन्या** : साथिको सहयोगले काम बन्नेछ । सम्पत्ति लाभ गर्न अनुकूल प्रयास हुनेछन् । | **मीन** : कुनै कुराले मनमा शान्ति छाउनेछ । शुभकार्यको चर्चा चल्नेछ । |

# साहित्य दर्पण

कृति/समीक्षा — सञ्जीव पौडेल

## ‘वर्तमान’को खोजीमा हराएका पाइलाहरू

‘अभिव्यञ्जना साहित्यिक प्रतिष्ठान’ चितवनले आयोजना गरेको ‘पाठकका माझमा लेखक’ कार्यक्रममा मैले पाठकको तर्फबाट गायत्री अधिकारीको ‘वर्तमान’ उपन्यासको पाठक प्रतिक्रिया दिनुपर्ने थियो । स्रष्टा र सिर्जनाका बारेमा अनजान थिएँ । कार्यक्रम हुन दुई दिन मात्र बाँकी थियो । किताब पत्ता लगाएर हातमा पर्यो । बाहिरी डिजाइन हेर्दा नै ‘झोला बोकेर विमान चढ्न लागेका मानिसहरूको लर्को’ देखेर उपन्यासले कुन संसारमा डुबाउनेछ भन्ने अनुमान भयो । यो विषयमा मैले पनि कलम चलाएको र यो प्रवृत्तिको सिकार आफू पनि भएकोले यो विषयमा बोल्न ‘ठीकै हुन्छ’ भन्ने सोचें । आज बिहान मात्रै बल्ल किताब पढेर सकें । पाठकको एउटै वस्तु र विषयमा पनि स्वाद फरक फरक हुन्छ । भनिन्छ नि, “तै तिहुन कसैले बिल्नु भनी नुन थपेर खायो, कसैले चर्को भनी पानी । कसैले खुर्सानी थपेर खायो, कसैले पर सार्दै भन्यो यस्तो पिरो नखानी । एउटै तरकारीमा त यस्तो स्वाद फरक हुन्छ भने पुस्तकहरूको स्वाद पनि पाठकअनुसार फरक हुन्छ । सात खण्डमा लेखिएको र करिब सय पेज पठनीय सामग्री भएको यो पुस्तकले समाजमा वर्तमानको खोजीमा हिँडेका पाइलाहरू हराउने गरेको देखाएको छ । उपन्यास साहित्यको एउटा प्रमुख विधा हो । यसले कथा, पात्र, समाज र समयलाई जीवन्त ढङ्गले प्रस्तुत गर्छ ।

मानिसको जीवन-सैर्ष, संवेदना र सपना यसमा प्रतिबिम्बित हुन्छ । त्यसैले उपन्यासलाई समाजको दर्पण पनि भनिन्छ । उपन्यास विधामा गायत्री अधिकारीजीले आफ्नो उपन्यास ‘वर्तमान’ लेखेर एउटा इँटा थप्नुभएको छ । श्रीमद्भगवद्गीतामा एउटा प्रसिद्ध वाक्य छ- ‘भूतको पछुतो नगर्नू, भविष्यको चिन्ता नगर्नू, वर्तमानमै कर्म र चेतनालाई केन्द्रित गर्नु’ । गायत्रीजीको ‘वर्तमान’ उपन्यास यही गीताको भनाइसँग मिल्दो देखिन्छ । उपन्यासको मर्मअनुसार नै गायत्रीजीले कथा, पात्र, समाज र समयलाई जीवन्त ढङ्गले प्रस्तुत गर्नुभएको छ । उपन्यासका मुख्य पात्रहरूमा दया र मुना छन् । सँगै गंगाराम, रीता, सानी र सीता लगायतका पात्रहरूको पनि भूमिका देखिन्छ । दया गाउँघरको सामान्य परिवेशमा हुर्किएको युवक हो भने मुना उसकी सहपाठी । मुनाको परिवेश पनि उस्तै हो । पात्रहरूलाई लमजुङ जिल्लालाई आधार बनाइएको छ । उनीहरू १२ कक्षादेखि नै प्रेममा हुन्छन् । दयाले बीए पढ्दै गर्दा बोर्डिङ स्कुलमा शिक्षक बनेर काम पनि गर्छ । ऊ आफ्नो कामबाट सन्तुष्ट छैन, किनकि त्यो आम्दानीले उसलाई सोचेजति खर्च गर्न पुग्दैन । आजकलका युवाशक्ति गाउँघरको श्रम-संस्कृतिबाट टाढिँदै गएका छन् । कुटो, कोदालो, घाँस, दाउरा, गोबर फाल्ने, भैँसी दुहुने जस्ता कामलाई ‘अल्छी मान्ने’ प्रवृत्ति छ । यस उपन्यासमा पनि नयाँ पुस्ताको प्रतिनिधि व्यवहार यस्तै देखिन्छ । दया र मुनाले क्याम्पस पढ्दै गर्दा नै दुवै जनाले अमेरिकाको डीभी भरेका हुन्छन् । दयाले गाउँमा नबस्ने र विदेश जाने कुरा बुबाआमालाई भनिरहेको हुन्छ, तर बुबाआमाले सजिलै हुन्छ भनेका हुँदैनन् । उनीहरू सम्झाइरहेका हुन्छन्, ‘हामी उमेरले डाँडा काटिसक्यौँ । हामीलाई कसले हेरचाह गर्छ ? विदेशभन्दा नेपालमै काम गरेर खानू’ । तर ऊ ‘यहाँ बस्न सकिँदैन, निर्वाह हुँदैन, जान्छु’भनिरहेको हुन्छ । त्यही बेला उसकी बहिनी सानी चाडपर्व मान्न आउँछे र बुबाआमालाई दाइलाई विदेश जान दिनुपर्छ भनेर सम्झाउँछे । दयाको दाइ गंगाराम जापान गएको हुन्छ । पहिलो जापान गएको छोराले आफूहरूलाई कुनै वास्ता नगरेको र यो छोरा पनि गयो भने यसले पनि वास्ता गर्दैन, हामीलाई कसले हेर्छ भनेर उनीहरू नजान कर गर्छन् । अन्तमा केही नलागेपछि ‘हुन्छ, जानू, तर केही वर्ष कमाएर फर्कनू’ भनी दयालाई पनि स्वीकृति दिन्छन् । पढाइकै क्रममा प्रेम बढ्दै जाँदा दयाले मुनासँग कानुनी रूपमा विवाह गरेको हुन्छ । तर उसको विवाह गरेको मात्र होइन, यी दुई नजिक छन् भन्नेसम्मको कुरा कलेजको प्रेम सर, मुनाकी दिदी र दयाको एक जना मामाबाहेक अरूलाई थाहा हुँदैन । दया विदेश जान टोफेल पढ्ने, विभिन्न म्यानपावर धाउने गरिरहेको हुन्छ । यही समयमा मुनालाई अमेरिकाको डीभी पर्छ । एउटी बुहारी पनि बाहिर जाँदा वृद्ध सासु-ससुराले आफूहरू एक्लो भएको महसुस गर्छन् । दया र मुना अमेरिका पुगेर त्यहाँको व्यस्त जीवनशैलीमा भुल्छन् । तर दयाले बेलाबेलामा बुबाआमालाई पैसा पठाउने र फोन भने गरिरहेका हुन्छन् । दिन बित्दै जान्छ । दया र मुना अमेरिका गएको दुई वर्षमा छोरी आभा जन्मिन्छे । अर्को तीन वर्षमा छोरा जन्मिन्छ । तर दया र मुनाले छोराछोरी जन्मेको खुसी घरमा बाँड्न पाएका हुँदैनन्, किनकि विवाह गरेको कुरा अहिलेसम्म भनेका हुँदैनन् । केही समयपछि नेपालमा बुबाआमाको बिचल्ली भएको कुरा छिमेकीले खबर गर्छन् । ‘कि सन्तान आएर पाल्नू कि वृद्धाश्रम लगेर राख्नू, यो बिचल्ली बनाएर नराख्नु’ भनेर उनीहरूले खबर पुर्याउँछन् । आमा-बुबाले कुनै दिन आगो फुक्न नसकेर भोकै बसेको, कुनै दिन छिमेकीले एक कचौरा जाउलो लगिदिएर खाएको जस्ता दयनीय अवस्थाको जानकारी गराउँछन् । दुई छोराहरूमध्ये आमाबुबाको हेरचाह गर्न को जाने भन्ने होड चल्छ । जापानमा जेठो छोरा गंगारामले ‘भाइ जानू, मेरो अलि मिलेको छैन’ भन्छ भने कान्छाले ‘मैले यहाँ बसेर पनि सहयोग गरेको छ’, दाजु जानू भन्ने कुरा गर्छ । आखिर दया नै अमेरिकाबाट आउँछ । एक्लै अमेरिका पठाएको छोरा त बुहारी र दुईवटा अङ्ग्रेजी बोल्ने नातिनातिना लिएर घर जान्छ । करिब तीन महिना सबै परिवार आमाबुबाको स्याहार गरेर बस्छन् । तीन महिनापछि मुना र छोराछोरीलाई अमेरिका पठाएर दया बुबाआमालाई हेरेर बस्छ । केही समयपछि बिरामी आमाबुबा अलि ठीक हुन्छन् । आमाले खाना बनाएर खान सक्ने भएकी हुन्छिन् । त्यसपछि एक जना खाना पकाउने र घर सरसफाइ गर्ने सीता र घरबाहिरबाट केही गर्नुपरे भक्तेलाई जिम्मा लगाएर दया फेरि अमेरिका जान्छ । अमेरिका गएको आठ महिनामा फेरि बज्रपात हुन्छ । दयाको बुबाको देहावसान हुन्छ । गाउँलेहरूले दाहसंस्कार गर्छन् । पछि छोराहरू आएर किरिया गर्छन् । फेरि आमालाई सीताकै भरमा छोडेर छोराहरू आफ्नो कर्मभूमिमा जान्छन् । सीताकी आमा बिरामी भएको खबर आएपछि उनले दयालाई ‘मेरो आमा बिरामी हुनुहुन्छ, म अब यहाँ बस्न सक्दिनँ’ भनेर खबर पठाउँछिन् । तर दयाले उल्टै बरु केही रकम थपिदिन्छु, हामी नआएसम्म आमालाई हेर्नू भन्छ । यो भनाइले सीताको मन दुख्छ । ‘संवेदना ममा पनि हुन्छ,’ ऊ भन्छे, ‘मेरो बाध्यतालाई कमजोरी नठान्नू । पैसाले मात्रै सबथोक भुलेर बस्न सकिँदैन’ । भन्दाभन्दै सीता जान ढिलो हुन्छ । उपन्यासमा गाउँघरको बोली, स्थानीय संस्कार, पर्व-उत्सव, नेपालकै प्राकृतिक सुन्दरता सुन्दर रूपमा उतारिएको छ । लमजुङतिर बोलिने, विशेषगरी पाकाहरूले बोल्ने बोली, जस्तै: ‘आएका छन्’ लाई “आछन“, “गएका छन्“ लाई “गाछन्“, “के गर्ने“ लाई “क्यार्नी“, “भएपछि“ लाई “भसी“, “हामीले“ लाई “हाम्ले“, “तिमीहरूको“ को सट्टा “तिमरु“ जस्ता स्थानीय रूपमा बोलिने शब्दलाई लेखन शैलीमा प्रयोग गरिएकोले रोचक छ । यो उपन्यासले नेपाली समाजको केहि चरित्रको चित्रण गरेको छ । विशेष गरी देशमा व्यावहारिक शिक्षा, रोजगारी र सुशासन नहुँदा गाउँका शिक्षित वा श्रमशक्ति सबै विदेश जान खोज्छन् । सन्तान विदेश गएपछि सहारा चाहिने बेलामा छोराछोरी बाहिरिएर विदेशमै व्यस्त हुँदा आमा-बुबा बिरामी हुन्छन् । स्वर्गवासी हुन्छन्, तर उनीहरूको अन्तिम क्षणसम्म पनि छोराछोरी पुग्दैनन् । गाउँलेहरूले दाहसंस्कार गर्छन्, छोराहरू पछि मात्र किरिया गर्न पुग्छन् । आज हजारौँ नेपाली घरको यथार्थ यही हो ‘सासले होइन, लासले मात्र सन्तान पर्खिने दिन’ आउने कुरा देखाइएको छ । त्यस्तै श्रीमानहरू विदेश हुँदा श्रीमतीहरू छोराछोरी पढाउने निहुँमा सहरमा डेरा गरी बस्ने प्रवृत्ति र महिला एक्लै हुँदा पुरुषहरूले सहयोगको नाममा कामुक नजरले हेर्छन् भन्ने कुरा देखाइएको छ । अर्को कुरा नेपाली समाजमा अझै जातीय भेदभावको कुरामा ब्राह्मण परिवारको छोरो र नेवार परिवारकी छोरीको प्रेम हुँदा घरमा समेत जानकारी दिन डराउने र नेपाली समाजको यथार्थता देखाइएको छ । नेपाली समाजमा अझै दया र करुणा बाँकी छ भन्ने आफ्नै आमालाई छोडेर अर्काकी आमालाई सेवा गर्ने सीता जस्ता उदाहरणीय चरित्रसमेत देखाइएको छ । एउटा पाठकको नाताले यसो गर्दा हुन्थ्यो कि भन्ने लागेको छ । जस्तै दया र मुनाले प्रेम गरेर अदालती विवाहसम्म गर्दा पक्कै गहिरो प्रेममा डुबेका प्रेमील जोडीले मीठा दिनहरू बिताएका हुन्छन् । प्रेमरसका बारेमा खासै उल्लेख छैन । एक दिन चौरमा बसेकोबाहेक । अहिलेको समाजअनुसार लेखिएको उपन्यास भएकोले, समयअनुसार दुवैको प्रेमरस अर्थात् शृङ्गार रसमा संयोग रसका प्रेम, आकर्षण, रमाइला पलका केही घटनाक्रम पनि दुई-तीन पाना थपिएको भए पाठकलाई रोचक हुन्थ्यो कि ? त्यस्तै दया र मुना घरमा आएर आमाबुवालाई ढोग गरेर नातिनातिनीलाई पनि चिनाएको र गाउँलेहरूलाई चकलेट बाँडेको कुरा पनि छ । घरबाट विवाह नगरी गएको र विवाह गरेको कुरा जानकारीसमेत नदिएको कुरा उल्लेख छ । तर बुहारी र दुईवटा सन्तानसहित घर आउँदा बुबाआमा र गाउँलेहरूले महसुस गरेको केही आश्चर्यजनक वातावरण, केही द्वन्द्व सिर्जना हुनेछ अब भन्ने कुरा कथाले मागेको देखिन्छ । कथाले मागेको कुरा पुष्टि गरिदिएको भए हुन्थ्यो कि ? समग्रमा उपन्यासले नेपाली समाजको वर्तमान अवस्थाको चित्रण गरेको छ ।

*-समकालीन साहित्य डटकम*

व्यङ्ग्य कथा — भोजराज काफ्ले


## फलफूलपुरको गणतन्त्र



कुनै समय, सुदूर रसिलो भूगोलमा, एक अद्भुत देश थियो - “फलफूलपुर” । यहाँका नागरिक सबै फलफूल नै थिए । अनार, स्याउ, अंगुर, सुन्तला, अम्बा, नासपती, किवी, खरबुजा, र मुख्यत: आँप ! यो देशको एक अनौठो विशेषता थियो - यहाँ न माछा थियो, न मासु, न त मान्छे नै ! केवल फलफूल, अनि उनीहरूको आफ्नै भाषा, संस्कृति र राजनीति । राजनीतिक हिसाबले, फलफूलपुरमा राजा आँपको शासन थियो । न त कुनै चुनाव हुन्थ्यो, न संसद् । केवल राजा आँप, उसको सिंहासन, र उसले बनाएका रसिला नियमहरू । आँपले आफैँलाई “रसको राजा, ग्रीष्मको गौरव“ घोषणा गरेको थियो । कारण पनि थियो - जब गर्मी लाग्थ्यो, बगैँचाभरि आँपकै चर्चा हुन्थ्यो । सबैले उसलाई माया गर्थे, तर गर्मी सकिएपछि बिर्सिदिन्थे । तर राजा आँपले यो तथ्य कहिल्यै स्वीकारेन । उसले राज्यका सबै बोटहरूमा आफ्नो तस्वीर राख्ने आदेश दियो । “प्रत्येक बगैंचामा मेरा तस्वीर टाँसिनेछ,” उसले घोषणा गर्‍यो । अनारले मुखै फोरेर भन्यो, “राजा त तपाईँ हुनुभयो, तर हामी पनि त फलफूल हौं नि !” आँप मुस्कायो, “तिमी भित्र टुक्रा-टुक्रा छौ, म भने अखण्ड । जनताले एकता चाहन्छन् ।” अनार झस्कियो । “विविधता शक्ति हो, महाराज ! मैले त त्यस्तै सुनेको थिएँ ।” आँपले गम्भीर हाँसो हाँस्यो, “विविधता भनेको अस्थिरता हो । जनता चकित हुन्छन् जब सरकार भित्रै विखण्डन देखिन्छ । एउटा टुक्रिएको अनारले कसरी सिङ्गो देश सम्हाल्न सक्छ ?” स्याउले हल्का चुस्क्यायो, “म भने शिक्षाको प्रतीक हुँ । मलाई किन सधैं बादलमुनि राखिन्छ ?” आँपले चिसो स्वरमा भन्यो, “तिमी त देशको पुस्तकमै छौ । तर सरकार चलाउन चटपटे भन्दा गह्रौं हुनुपर्छ ।” अंगुरले कुरो थप्यो, “म जनता माझ छु, मबाट बनेको जुसले नै सबैलाई तृप्त पार्छ ।” आँपले कुटनीतिक मुस्कान दियो, “तर तिमी त झुन्डमा बस्छौ । आफू त खासै केही होइनौ । नीति बनाउने हो भने, एकल सत्ता चाहिन्छ ।” त्यही दिनदेखि, आँप तानाशाह बन्यो । स्याउलाई शिक्षा मन्त्रालय, अंगुरलाई जुस आपूर्ति मन्त्रालय, अनारलाई सुरक्षा मन्त्रालय दिइएको थियो । तर, सब पद देखावटी मात्रै थिए । आदेश, नीति, अनि रससञ्चार सबै आँपको मुट्ठीमा थियो । राजा आँपले सत्ता लिएको दशकौँ भइसक्यो । स्याउ अलिकति बूढो भयो, अंगुरको त छाला खुम्चिन थाल्यो । तर आँप सधैं ताजा देखिन्थ्यो - किनभने उसले फ्रिजबाट शासन चलाउँथ्यो । एक दिन, अम्बाले गुनासो गर्‍यो, “हामीले पनि देशका लागि धेरै गरेका छौँ । म बिना अचार नै बन्न सक्दैन, तर मलाई कुनै पदै छैन !” स्याउले भन्यो, “म त विद्यालयका पाठ्यपुस्तकमा पढाइन्छु, तर यहाँ मलाई झन् दरबारको डस्टबिन सफा गर्न लगाइएको छ ।” अनार उठ्यो, “अब सहन सकिन्न ! राजा आँप अब ‘राजा’ होइन, ‘आँप-प्रवृत्ति‘ भएको छ - जसले अरूलाई दबाउने, आफू मात्र अगाडि देखिने !” आँपको कोया राजनीतिबाट आजित भएर सबै फलफूल एकजुट भए । त्यसै दिन सुन्तलाले एउटा गोप्य बैठक आयोजना गर्‍यो । “अब हामी परिवर्तन चाहन्छौं,” उसले भन्यो । सबैजना सहमत भए । आन्दोलनको बीउ रोपियो । फलफूलहरूमध्ये केही अत्यन्त बौद्धिक थिए - अम्बा रणनीतिमा तेज, अंगुर भाषणमा माहिर, अनि अनार संगठनमा जबरदस्त । उनीहरूले रातको समयमा जुलूस निकाल्न थाले - “राजा होइन, गणतन्त्र हो !“ “फलफूलको सरकार, फलफूलका लागि !” आँपले शुरूमा यो आन्दोलनलाई हास्यास्पद ठान्यो । “यी अंगुर र अम्बाहरूले देश चलाउँछन्, हाहा !” उसले आफ्नो सल्लाहकारलाई भन्यो । तर जब आन्दोलन बगैँचाभरि फैलियो, आँप डरायो । बाँदरहरूले उसको पोस्टर च्यात्न थाले, चराहरूले उसका आदेश पढ्नै छाडे । एक बिहान, जब फलफूल संसदको गेटअगाडि हजारौँ फलफूल जम्मा भए, राजा आँपले शाही घोषणा गर्‍यो - “मैले जनताको आवाज सुनें । अबदेखि फलफूलपुर गणराज्य हुनेछ । म पद त्याग गर्दछु ।” सबैजना खुशी भए । नयाँ युगको घोषणा गरियो । फलफूलसंसद गठन भयो । हरेक फलको प्रतिनिधि - स्याउ, अंगुर, अम्बा, नासपती, अनार, सुन्तला, किवी, खरबुजा आदि एक ठाउँमा बसे । अम्बाले भन्यो, “अब हामीले पहिलो राष्ट्रपति चयन गर्नुपर्छ । तर पालैपालो प्रणाली बनाऔं - जसले गर्दा सबै फलको पालो आउँछ ।” सबैले सहमति जनाए, तर अर्को बहस शुरू भयो - “पहिलो राष्ट्रपति को बन्ने ?” स्याउले दाबी गर्‍यो, “म पोषिलो, सिम्बोलिक, र विश्वप्रसिद्ध छु । मलाई नै बनाऊ ।” अनारले भन्यो, “मेरो भित्र सयौँ बीउ छन्, म विविधता र एकताको प्रतीक हुँ । मलाई बनाऊ ।” अंगुरले ग्राफ देखायो - “मेरो रसबाट उद्योग चलेका छन् । म जनता नजिक छु ।” सुन्तलाले लचकता देखायो - “म चिसोमा तातो दिन्छु । मलाई उपयुक्त बनाऔं ।” तर केरा चुपचाप बसिरहेको थियो । सबै फलले आपसमा कराउँदै थिए । एकले अर्कोलाई आरोप लगाउँदै, अर्काले अर्कोको योग्यता खारेज गर्दै । फलफूल संसद् हलै हल भएपछि, केरा बिस्तारै उठ्यो । “म सबैभन्दा बढी खाइन्छु, सबैभन्दा सजिलो छु, अनि कहिल्यै कसैको विरोध गर्दिनँ,” उसले बोला । स्याउले भन्यो, “तँ त छिट्टै कालो भइन्छस् !” केराले मुस्काउँदै भन्यो, “हो, म चाँडै पाक्छु, तर त्यसको स्वाद अझै मीठो हुन्छ । म सस्तो पनि छु, पहुँचमा पनि छु । बालकदेखि वृद्धसम्म सबैको रोजाइमा छु ।” अम्बाले टाउको हल्लायो, “साँचै हो, तिमी सादा देखिन्छौ, तर प्रभावशाली छौ ।” सुन्तलाले थप्यो, “र तिमी बाँदरहरूको पनि मित्र हौ, बगैँचाको सुरक्षा पनि तिमीले नै गरेको !” जब देशको संविधान फलफूलमा आधारित हुन्छ, अनि हरेक फलले आफ्नो विशेषतामा गर्व गर्दै सत्ताको दाबी गर्न थाल्छ, तब ‘गणतन्त्र’ एक बगैंचाको रमाइलो नाटकजस्तै देखिन्छ । सुन्तलाले आफ्नो हरेक केसरा मार्फत प्रदेश-संरचनाको प्रतिनिधित्व गर्छ, अनारले एक-एक दानाबाट विविधता भित्रको एकताको गीत गाउँछ, अनि अंगुरको झुप्पोले धर्म र संस्कृतिको घनिष्ठता झल्काउँछ । तर यी सबैको बीचमा, चुपचाप आफ्ना बोक्रा खोल्दै, केरा आइपुग्छ - सबैको ध्यान चोर्दै । उसले भन्छ: “म सजिलो छु, म सस्तो छु, र म सबैको पहुँचमा छु - त्यसैले म नै गणतन्त्रको आदर्श हुँ !“ फलफूल संसदले निर्णय गर्‍यो - फलफूल गणराज्यको पहिलो राष्ट्रपति: केरा ! भव्य समारोह भयो । केरा हल्का लजाउँदै मञ्चमा चढ्यो । उसले सादा भाषण दियो - “म तपाईंहरूको सेवा गर्न यहाँ आएको छु । न त म सबैभन्दा चकचके छु, न सबैभन्दा रङ्गिन । तर म तपाईंहरूसँग छु । अब हरेक फलको पालो आउनेछ । शासन चिप्लो छैन, जिम्मेवार हुनेछ ।” जनताले ताली बजाए, चराहरूले गीत गाए, बाँदरहरूले नाच गरे । फलफूलपुरमा गणतन्त्र स्थापनापछि प्रारम्भिक वर्षहरू साँच्चिकै आशाजनक देखिए । पालैपालो राष्ट्रपतिको परम्परा शुरू भयो - कहिले स्याउ, कहिले अनार, कहिले अंगुर । तर आश्चर्यजनक कुरा के थियो भने, हरेक राष्ट्रपतिले केही समयपछि निर्णय लिन, समस्या समाधान गर्न, वा महत्त्वपूर्ण कूटनीतिक काम गर्न केरासँग सल्लाह लिने गर्थे । केराले राष्ट्रपति नहुँदा पनि सबैभन्दा धेरै प्रभाव राख्न थालेको थियो । उसले राजनीतिक सल्लाहकारको भूमिकाबाट शुरू गर्‍यो, तर छिट्टै सबै मन्त्रालयमा उसको भरपर्दो ’सल्लाह’ अनिवार्य बन्यो । राष्ट्रपतिहरू देखाउने अनुहार मात्र भए, जबकि शक्तिको डोरी फेरि केरामै फर्किएको थियो । केराले आफ्नो छाया सञ्जाल बनायो - बोक्राभित्रको सरकार ! कहिले अनार र अंगुरबीच द्वन्द्व निम्त्याएर समाधान गर्ने नाटक गर्थ्यो, कहिले शिक्षा नीति उल्ट्याउने अनि फेरि ठीक पार्ने अभिनय गर्थ्यो । जनता सधैं सोच्दछन्- “केराले चाहिं यत्रो बुद्धि कसरी चलायो होला !” फलफूल संसद् फेरि बिस्तारै निर्बल भयो । नीतिहरू तयार गर्थे - तर अनुमोदन चाहिन्थ्यो, “बानानात्मक सल्लाह समितिको” - जुन समितिमा अध्यक्ष केरा नै थियो । समय बित्दै गयो । फलफूलहरू बूढा भए, नयाँ पुस्ता आयो । तर सबै पुस्तालाई एउटै कथा सुनाइन्थ्यो - “जब आँप पतन भयो, केरा उठ्यो । जब राष्ट्रपतिहरू असफल भए, केरा बन्यो संकटमोचक ।” र त्यस दिनदेखि सदियौँ बितिसक्दा पनि, केरा गणतन्त्र चलिरहेछ... कथा सकियो, तर फलफूलपुरमा केरा गणतन्त्र भने चलिरहेकै छ !

*-साहित्यपोस्ट डटकम*

# आज भाद्र शुक्ल चतुर्दशी : अनन्त चतुर्दशी




**पाल्पा,** भदौ २०/आज भाद्र शुक्ल चतुर्दशी अनन्तनाथ (भगवान् विष्णु) को पूजा आराधना गरी मनाइँदै छ । यस दिनलाई अनन्त चतुर्दशी पनि भनिन्छ । आज चोखो धागोमा अनन्त मन्त्रणगरी बाँधनाले वर्षभर शुभ हुन्छ भन्ने विश्वास छ । श्रावण शुक्ल पूर्णिमाका दिन कुनै कारणबस जनै ( यज्ञोपवीत) मन्त्रन नपाएकाले आजै मन्त्रने शास्त्रीय विधान रहेको छ । चतुर्दशीमा इन्द्रजात्रा मनाएपछि पूर्णिमाका दिन इन्द्रदहमा गई स्नान गर्नुपर्ने धार्मिक विधि रहेको छ ।

वर्षा र सहकालका देवता देवराज इन्द्रको पूजा आराधना गरी आज परम्परागत रुपमा इन्द्रजात्रा पर्व समेत मनाइँदैछ । प्रत्येक वर्ष भाद्र शुक्ल चतुर्दशीका दिन पर्ने यो पर्व काठमाडौँ, ललितपुर, भक्तपुर, धुलिखेल, दोलखालगायत स्थानमा मनाइन्छ । भाद्र शुक्ल द्वादशीका दिन हनुमानढोका अगाडि धार्मिक विधिपूर्वक इन्द्रध्वजासहितको लिङ्गो ठड्याइएपछि प्रारम्भ हुने यो जात्रा विभिन्न प्रकारका नाचगान, रथयात्रा र देवीदेवताको पूजाआजा गरी आठ दिनसम्म मनाउने प्रचलन छ । भाद्र शुक्ल द्वादशीका दिन ठड्याइएको लिङ्गोलाई 'इन्द्रध्वजोत्थान' पनि भनिन्छ । लिङ्गोको फेदमा भैरवको पूजा गरिन्छ । सत्रु पराजय भएपछि विजय मनाउने पर्वका रुपमा इन्द्रजात्रा मनाउने गरिएको हो । इन्द्रध्वजको पूजागरी शक्ति प्राप्त गरेर प्रदर्शन गर्ने पर्वका रुपमा पनि इन्द्रजात्रालाई लिइन्छ । यसअघि तान्त्रिक विधिद्वारा पूजागरी भक्तपुरको चितपोल जङ्गलमा छोडिएको बोकाले छोएको रूख भाद्र शुक्ल द्वितीयाका दिन काटिन्छ । काटेपछि लिङ्गोलाई उपत्यका भित्र्याउन पनि साइत हेरिन्छ । उपत्यका भित्र्याएपछि एकरात भोटाहिटीमा राखी एकादशीका दिन विधिपूर्वक इन्द्रध्वजाको लिङ्गो तयार पार्ने गरिन्छ । आजको दिन मुख्य रूपमा मनाइने इन्द्रजात्रा पर्वमा राष्ट्रपतिबाट हनुमानढोकास्थित गद्दी बैठकमा जीवित देवीका रूपमा रहेका श्री गणेश, श्री भैरव र श्री कुमारीको रथयात्रा नजर गर्ने परम्परा छ । राजतन्त्र रहुञ्जेल राजाबाट श्री गणेश, श्री भैरव र श्री कुमारीको रथयात्रा नजर गर्ने परम्परा थियो । इन्द्रध्वजाको लिङ्गो ठड्याएपछि सुरु भएको जात्राभरि भक्कुनाच, महाकालीनाच, लाखेनाच, दशअवतार तथा देवराज इन्द्रको वाहन ऐरावत हात्तीको प्रतीकका रूपमा पुलुकिसी नाच नचाउने गरिन्छ । इन्द्रध्वजाको लिङ्गो ठड्याएको आठौँ दिनपछि अर्थात् आश्विन कृष्ण चौथीका दिन 'इन्द्रध्वज पातन' गर्ने अर्थात् लडाउने विधान रहेको छ ।

## तानसेनमा ब्लड...

...ब्लड बैंक सञ्चालनको लागि संघीय स्वास्थ्य मन्त्रालयबाट ५० लाखमा अत्याधुनिक उपकरण खरिद भएको, रामपुर नगरपालिका बाट १० लाख बराबरको जेनेटर, रम्भा गाउँपालिका बाट ५ लाख बराबरको एसि फ्रिज, रिव्दीकोट गाउँपालिकाबाट ५ लाख बराबरको व्याट्री व्याकप लगायतका सरसमान खरिद गरिएको रेडक्रस पाल्पाले जनाएको छ । ब्लड बैंक शुभारम्भ कार्यक्रममा पत्रकार महासंघ पाल्पाका अध्यक्ष कमलराज तिमिल्सेनाले रक्तदानको आवश्यकता, यसको महत्व र सामाजिक प्रभाव बारे सचेतना फैलाउँदै समुदायलाई नियमित रक्तदाता बन्न प्रेरित गर्न जिल्लाका सञ्चार माध्यम तथा पत्रकारहरु सक्रिय भएर लाग्ने प्रतिवद्धता जनाए । रक्तदानले केवल जीवन जोगाउने मात्र नभई सामाजिक एकता र सहकार्यलाई पनि बलियो बनाउने महासंघका अध्यक्ष तिमिल्सेनाले जोड दिए । रक्त बैंक सञ्चालनमा आएसँगै पाल्पामा अब आकस्मिक अवस्थामा रगतको लागि दौडधुप गर्नुपर्ने बाध्यता अन्त्य हुने र स्वास्थ्य सेवामा गुणात्मक सुधार आउने रेडक्रस पाल्पाका स्वास्थ्य संयोजक डा. झपेन्द्र ढकालले बताए । रक्त बैकको शुभारम्भ तथा रक्तदान कार्यक्रमको सहजीकरण रेडक्रस सोसाईटी कालिका उपशाखा, तानसेन, पाल्पाले गरेको थियो । कार्यक्रममा रेडक्रसको झण्डोलोत्तन गरी रेडक्रसका जन्मदात हेनरी डियुनाको योगदानको चर्चा भएको थियो ।


## ३५ दिने सार्वजनिक सूचना

*(सूचना प्रकाशित मिति: २०८२/५/२०)*

श्री चुरामणि विश्वकर्माको नाति हर्क बहादुर विश्वकर्माको छोरा, राधिका पल्ली मगरको पति,गुल्मी जिल्ला, रुरुक्षेत्र गांउपालिका, वडा नं.०१ साविक रुरु वडा नं.०६,बस्ने बिर बहादुर विश्वकर्माको मिति २०८२/०४/२५ गतेको दिनमा मृत्यु भएकोले निजको नाममा यस कुमारी बैंक लि. रिडी शाखामा रहेको खाता नं.०४५००२४४५०७००००१मा मौज्दात रहेको रकम भुक्तानी पाँउ भनी निज खातावालाको पत्नि राधिका पल्ली मगरले यस बैंक शाखामा निवेदन दिनुभएको हुँदा उक्त निक्षेप उपर निज निवेदक बाहेक अन्य कसैको हकदावी भए यो सूचना प्रकाशित भएको मितिले ३५ (पैतिस) दिनभित्र आफ्नो हक लाग्ने व्यहोरा प्रमाणित हुने सक्कलै सवुत प्रमाण कागजसहित यस बैंकको शाखा कार्यालय रिडी वा प्रधान कार्यालय, दरवारमार्ग, काठमाडौंमा हकदावी गर्न आउनु होला । म्यादभित्र कसैको हकदावी नपरेमा वा रीत नपुगेको दरखास्त उपर कुनै कारवाही नहुने व्यहोरा यसै सूचना मार्फत् जानकारी गराउदछौ ।

कुमारी बैंक लिमिटेड
KUMARI BANK LIMITED
सबैका लागि, सबैका लागि

**कुमारी बैंक लिमिटेड**
रिडी, गुल्मी, फोन नं. : ०७९-४०००९८


## खेलकुद समाचार

### न्युजिल्यान्डका पूर्वकप्तान रस टेलरले सन्न्यास फिर्ता लिए



**काठमाडौँ,** भदौ २०/न्युजिल्यान्डका पूर्वकप्तान रस टेलरले सन्न्यास फिर्ता लिएर सामोआबाट खेल्ने भएका छन् । आउँदो आईसीसी टी-२० विश्वकप एशिया-पूर्वी एशिया प्यासिफिक छनोटमा सामोआको प्रतिनिधित्व गर्न सन्न्यास फिर्ता लिएको ४१ वर्षीय मध्यक्रमका ब्याटर टेलरले सामाजिक सञ्जालमार्फत घोषणा गरेका छन् । प्रतियोगिताका लागि कालेब जसमतको नेतृत्वमा सामोआले घोषणा गरेको टोली टेलर पनि समावेश छन् । रस टेलरकी आमा सामोआ मूलकी भएका कारण उनीसँग सामोआको नागरिकता छ । उनले सन् २०२२ को अप्रिलमा अन्तिम पटक न्युजिल्यान्डका लागि खेलेका थिए । योसँगै टेलरको ३ वर्षे 'कुलिङ अफ पिरियड' पनि पूरा भएको छ । सन् २००६ देखि २०२२ सम्म न्युजिल्यान्डका लागि खेलेका टेलरले १ सय १२ टेस्टमा ७ हजार ६ सय ८३, २ सय ३६ एकदिवसीयमा ८ हजार ६ सय ७ र १ सय २ टी-२० मा १ हजार ९ सय ९ रन बनाएका छन् ।

यस्तै सामोआबाट खेल्नका लागि न्युजिल्यान्डका ३२ वर्षीय शन सोलियान पनि टोलीमा समावेश भएका छन् । बाबर आजम तेस्रो स्थानमा यथावत् । यस्तै एकदिवसीय बलिङ वरीयतामा दक्षिण अफ्रिकाका केशव महाराज शीर्ष, श्रीलङ्काका महेश तिक्षण दोस्रो र भारतका कुलदीप यादव तेस्रो स्थानमा छन् ।

## अर्थ/कर्पोरेट समाचार

### सुनको भाउमा नयाँ कीर्तिमान




**पाल्पा,** भदौ २०/सुनचाँदीको भाउमा कीर्तिमान कायम गरेको छ । सुन शुक्रबार एकैदिन दुई हजार पाँच सय रुपैयाँ बढेर तोलाको दुई लाख १० हजार चार सय रुपैयाँ पुगेको नेपाल सुनचाँदी व्यवसायी महासङ्घले जनाएको छ ।

बिहीबार सुनको भाउ तोलाको दुई लाख सात हजार नौ सय रुपैयाँ थियो । यस्तै चाँदीको भाउले पनि कीर्तिमान कायम गरेको छ । चाँदी तोलाको १० रुपैयाँ बढेर तोलाको दुई हजार चार सय ९० रुपैयाँ पुगेको महासैले जनाएको छ । हिजो तोलाको दुई हजार चार सय ८० रुपैयाँ थियो ।


## मानव बेचबिखन अपराध हो ।

-मानिसलाई झुक्याएर बन्धक बनाउने वा दास बनाउने,
-मानिसलाई खरिद बिक्री गर्ने र जवरजस्ती काममा लगाउने,
-कुनै प्रकारको फाइदा लिई वा नलिई वेश्यावृत्तिमा लगाउने,
-प्रचलित कानून विपरीत मानव अङ्ग झिक्ने वा व्यापारिक प्रयोजनमा खरिद बिक्री गर्ने,
-वेश्यागमन गर्ने वा गराउनेजस्ता कार्य मानव बेचबिखन मानिने कार्य हुन् ।

यस्ता कार्य गर्ने गराउने व्यक्तिलाई कानूनबमोजिम कारवाही हुन्छ । त्यस्तो कार्य कहिकतै भए गरेको जानकारी भए नजिकको प्रहरीमा खवर गरौं ।

नेपाल सरकार
**विज्ञापन बोर्ड**



**UMNMDT**
**United Mission Hospital**
**Tansen**

## शिलबन्धी दरभाउ पत्र आह्वानको सूचना

**प्रकाशित मिति: २०८२/०५/२०**

यस **UMNMDT** यूनाईटेड मिसन अस्पताल तानसेनलाई आवश्यक **Color Doppler USG** मेशीन खरिद गर्नु पर्ने भएकोले ईच्छुक योग्य फर्मलाई उल्लेखित मिति र समय भित्र तोकिएको स्थानमा रीतपुर्बक सिलबन्दी दरभाउपत्र पेश गर्नुहुन सम्बन्धित सबैको लागी जानकारीका लागी अनुरोध गर्दछौं ।

**दरभाउपत्र फारम शुल्क :** रु.३,०००।- (फिर्ता नहुने)

**दरभाउपत्र बुझाउने अन्तिम मिति :** २०८२/०६/०८ दिनको ठिक ४०० बजे भित्र ।

**दरभाउपत्र खोल्ने मिति :** २०८२/०६/१० गते दिनको ठिक १२०० बजे ।

**दरभाउपत्र पाउने र बुझाउने स्थान :** **UMNMDT** युनाईटेड मिसन अस्पताल तानसेन वा **UMNMDT** अस्पताल सेवा कार्यालय थापाथलि काठमान्डौं ।



मनको आवाज.............

'नाम पनि यूनिक, काम पनि यूनिक'

यूनिक एफ.एम. ९४.२ मेगाहर्ज

विज्ञापनको लागि सम्पर्क :
यूनिक शोसियल कम्यूनिकेशन
प्रा.लि.
तानसेन, पाल्पा
०७५-५२१९६४, ५२१९६६
E-mail
news.uniquefm@gmail.com
www.uniquefm942.com



हरेक प्रहरका ताजा समाचारका लागि www.shittalpati.com क्लिक गर्नुहोस् ।





कैलाशनगर मिडिया प्रा.लि.द्वारा प्रकाशित, कार्यालय:कैलाशनगर-५,तानसेन,पाल्पा,फोन:०७५-५२०६०१,E-mail:njdnews@gmail.com पा.जि.हु.द.नं. ५/२०७८/०७९, पा.जि.प्र.का.द.नं. १९/०५१/०५२ प्रबन्धक : इन्द्रा भट्टराई, सम्पादक: रामचन्द्र रायमाझी, प्रधान सम्पादक: जगदीशप्रसाद भट्टराई